# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) बमोजिम प्रस्तुत गरिएको गृह मन्त्रालयसँग सम्बन्धित सार्वजनिक विवरण

## १. पृष्ठभूमि

नेपालमा २००७ सालको राजनीतिक परिवर्तनपश्चात् देशको आन्तरिक कार्यको व्यवस्थापन हेर्ने गरी २००८ सालमा गृह मन्त्रालयको स्थापना भयो । वि.सं. २०१७ सालको परिवर्तनपछि गृह मन्त्रालयको नाम परिवर्तन गरी गृह पञ्चायत मन्त्रालय बनाइयो । २०१८ सालमा नेपाललाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गरी अञ्चलाधीश र प्रमुख जिल्ला अधिकारीको व्यवस्था भयो । स्थानीय प्रशासन ऐन, २०२८ प्रारम्भ भएपछि अञ्चलाधीश र प्र.जि.अ.को काम कर्तव्य र अधिकार कानुनी रुपमा व्यवस्थित गरियो । वि.सं. २०३७ सालमा गृह मन्त्रालयबाट पञ्चायत सम्बन्धी काम छुटयाई सो सम्बन्धी काम हेर्ने छुट्टै स्थानीय विकास मन्त्रालयको गठन भएपछि गृह मन्त्रालयको मुख्य कार्यभार शान्ति सुव्यवस्था र स्थानीय प्रशासन भयो ।

मुलुकमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु गृह प्रशासनको मुख्य कार्य हो । गृह प्रशासनलाई सबल र सक्षम बनाई जनतामा सुरक्षाको अनुभूति दिलाउन र सेवा प्रवाहलाई प्रभावकारी बनाई सुशासन कायम गर्न पहिले ७५ वटा जिल्ला प्रशासन कार्यालय र ती कार्यालयको कामकारवाही रेखदेख र नियन्त्रण गर्न १४ वटा अञ्चलाधीश कार्यालय रहेकोमा २०४६ सालको परिवर्तनपछि अञ्चलाधीश कार्यालय खारेज भए । अञ्चलाधीश कार्यालय खारेजपछि जिल्ला र केन्द्र बीच सन्तुलन कायम गर्न समन्वय र रेखदेख नियन्त्रण गरी शान्ति सुरक्षा लगायत सेवा प्रवाहलाई नजिकबाट अनुगमन गर्न क्षेत्रीय तहको प्रशासनिक निकाय आवश्यक ठानी गृह मन्त्रालय अन्तगत ५ वटा क्षेत्रमा मिति २०५८/५/६ देखि क्षेत्रीय प्रशासन कार्यालय स्थापना भएकोमा हाल प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत क्षेत्रीय प्रशासन कार्यालयलाई राखी गृह मन्त्रालयको समन्वयमा सुरक्षासम्बन्धी कार्य गर्ने प्रबन्ध मिलाईएको छ । गृह मन्त्रालय मातहत अध्यागमन विभाग, कारागार व्यवस्थापन विभाग, प्रहरी किताबखाना, राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र तथा सुरक्षा निकायका रुपमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभाग लगायत क्रियाशील रहेका छन् । जिल्लामा जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन कार्यालय, सीमा प्रशासन कार्यालय, अध्यागमन कार्यालय र कारागारहरु सञ्चालित छन् ।

## २. दूरदृष्टि

सार्वभौम, अखण्ड, शान्त, समुन्नत र सुरक्षित नेपाल

## ३. परिलक्ष्य

शान्ति र सुरक्षा, विधिको शासन: सुशासन मूल अभियान, सबैको गृह प्रशासन

## ४. उद्देश्य

४.१ एकीकृत र समन्वयात्मक परिचालनद्वारा सुरक्षा, विधिको शासन तथा सुशासनको प्रत्याभूति,

४.२ नागरिक सुरक्षाका लागि प्रविधि र पद्धतिकेन्द्रित प्रणालीको स्थापना र विकास तथा पेशागत विशिष्ठताको प्राप्ति,

४.३ समाजको सुरक्षा र स्थायित्व तथा नागरिकलाई सबै प्रकारका त्रासबाट मुक्ति,

४.४ सुरक्षाको प्रत्याभूतिद्वारा सबै नेपालीबाट सामाजिक, सांस्कृतिक र धार्मिक सद्भावको अभिवृद्धि गर्दै अखण्डता, राष्ट्रिय एकता र सार्वभौमिकताको संरक्षण र सम्वर्द्धनमा योगदान,

४.५ विपद्को एकीकृत र समन्वयात्मक व्यवस्थापन,

४.६ कागजको न्यून प्रयोग गर्दै क्रमश कागज विहीन गृह प्रशासन, सुरक्षा व्यवस्थापन र अध्यागमनको विकास तथा प्रभावकारी नियमन,

४.७ विकासको जग सुरक्षा' अवधारणाको स्थापना र विकास,

४.८ सुरक्षा व्यवस्थापनमा जनसहभागिता,

४.९ सक्षम प्रशासन र सुदृढ व्यवस्थापन,

४.१० मानव अधिकारको संरक्षण र सम्वर्द्धन।

## ५. कार्यक्षेत्र/प्रमुख कार्यहरु

नेपालको संविधानले निर्देशित गरे बमोजिम राज्य संचालनको मार्ग निर्देशसकका रूपमा रहेका राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व र संविधानका समग्र व्यवस्थाहरूको अधिनमा रही जनताको जीउ, धन र व्यक्तिगत स्वतन्त्रताको संरक्षण लगायत राज्यले लिएका अन्य आर्थिक सामाजिक उद्देश्य पूरा गर्न मुलुकमा शान्ति सुरक्षा कायम गरी सर्वसाधारण जनताले आफ्नो हक अधिकारको निर्वाध उपभोग गर्न सक्ने वातावरण तयार गर्नु गृह प्रशासनको मुख्य जिम्मेवारी हो ।

**गृह प्रशासनका मूलभूत कार्यहरु निम्न बमोजिम रहेका छन्:-**

- राष्ट्रको आन्तरिक सुरक्षा सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन तथा अनुगमन गर्ने ।
- प्रहरी प्रशासनको सञ्चालन, रेखदेख र नियन्त्रण गर्ने ।
- अपराध नियन्त्रण, रोकथाम र अनुसन्धानको काम गर्ने ।
- आन्तरिक सुरक्षा सुदृढ गरी संभावित विद्रोह वा आन्तरिक सुरक्षामा हुन सक्ने सबै प्रकारका गतिविधि नियन्त्रण गर्ने ।
- हातहतियार, खरखजानाको नियमन तथा नियन्त्रण, विस्फोटक पदार्थको नियन्त्रण गर्ने ।
- अध्यागमन व्यवस्थापन तथा नियन्त्रण गर्ने ।
- नागरिकहरुलाई सरल, सुलभ तथा व्यवस्थित रुपमा नागरिकता वितरण गर्ने ।
- शरणार्थीहरुको व्यवस्थापनको काम गर्ने ।
- दैवी प्रकोप नियन्त्रण एवं दैवी प्रकोपबाट पीडित व्यक्ति तथा परिवारलाई राहत वितरणको कार्य गर्ने ।
- गैर सरकारी सँस्थाहरुको दर्ता तथा प्रशासन सम्बन्धी काम गर्ने ।
- ट्राफिक व्यवस्थापन गर्ने ।
- बिभिन्न किसिमका भेदभाव वा कुरीतिहरुको माध्यमबाट हुन सक्ने मानव अधिकार हननका कृयाकलापहरुलाई नियन्त्रण गरी नागरिकहरुले निर्वाध मानवअधिकारको उपभोग गर्न सक्ने वातावरण सृजना गर्ने ।
- लागू औषधको नियन्त्रण गर्ने ।
- मुलुकको बाह्य तथा आन्तरिक सुरक्षा, शान्ति र व्यवस्थामा असर पार्ने संभावित कृयाकलाप सम्बन्धमा सूचना संकलन गर्ने ।
- मुलुकको सीमा संरक्षण तथा संगठित वा विध्वंशात्मक अपराध नियन्त्रण गर्ने ।

**नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०६९ अनुसार गृह मन्त्रालयको कार्यक्षेत्र देहाय अनुरुप रहेको छः-**

- आन्तरिक सुरक्षासम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
- शान्ति, सुव्यवस्था तथा कानुन र व्यवस्था,
- हातहतियार र खरखजानाको इजाजत र नियन्त्रण,
- विस्फोटक पदार्थ नियन्त्रण,
- विदेशी नागरिकको नियमन तथा नियन्त्रण,
- सवारी नियन्त्रण तथा उपत्यकामा रहेका सरकारी सवारी साधनको व्यवस्थापन,
- गैरसरकारी संघ, संस्था प्रशासन,
- क्षेत्रीय तथा स्थानीय प्रशासन,

- नागरिकता,
- जनमत सङ्ग्रह,
- आप्रवासन तथा प्रवासन,
- तीर्थस्थान र तीर्थयात्री,
- कल्याण धन र बेवारिसी धन,
- चिट्ठा, जुवा आदिको नियन्त्रण,
- सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराध आदिको नियन्त्रण,
- विपद् व्यवस्थापन, ग सार्वजनिक बिदाको घोषणा, उर्दी र सार्वजनिक उत्सव आदि,
- सार्वजनिक चन्दा सङ्कलनको नियमन र नियन्त्रण
- अध्यागमन,
- सजायको माफी, मिनाहा तथा परिवर्तन
- विभूषणसम्बन्धी कार्य,
- शरणार्थी मामिला,
- अञ्चल र जिल्लाको सदरमुकाम तथा सीमाना,
- राष्ट्रिय परिचयपत्र,
- अन्तराष्ट्रिय सीमा, सीमास्तम्भको सुरक्षा र सीमा प्रशासन,
- गृह प्रशासन (कारागार, शान्ति सुव्यवस्था, लागू औषध, प्रकोप व्यवस्थापन, सुपुर्दगीलगायत) विषयक राष्ट्रिय र अन्तर्राष्ट्रिय समन्वय र सम्पर्क,
- सङ्गठित अपराध नियन्त्रण,
- बारुदी सुरुङ्गकोनिवारण,
- धार्मिक विषय,
- सुपुर्दगी,
- कारागार व्यवस्थापन,
- प्रहरी कल्याण,
- निर्वाचन आयोग,
- नेपाल प्रहरी,
- सशस्त्र प्रहरी बल,
- राष्ट्रिय अनुसन्धान विभाग,
- प्रहरी कितावखाना,

- अन्य मन्त्रालयको कार्य विभाजनमा नपरेका विषय ।

## ६. संस्थागत आधारभूत मूल्य

- सुशासन,
- छिटो र प्रभावकारी सेवा प्रवाह,
- मुस्कान सहितको विनम्रतापूर्वक सेवा,
- सेवाप्रवाहमा तटस्थता तथा पारदर्शिता,
- मूल्यमा आधारित नैतिकता,
- विधिको शासन ।

## ७. गृह मन्त्रालयबाट प्रवाह गरिने सेवा

माथि बुँदा नं. ५ मा उल्लिखित कार्यक्षेत्र अन्तर्गतका नीतिगत कार्यहरू र मन्त्रालयको दैनिक प्रशासन सञ्चालन सम्बन्धी कार्यहरू

## ८. सांगठनिक संरचना र दरवन्दी

मन्त्रालयमा माननीय उपप्रधानमन्त्री/मन्त्रीको नेतृत्वमा प्रशासकीय प्रमुखका रुपमा सचिव, छ महाशाखा र सो अन्तर्गत २० वटा शाखा/एकाइहरु रहेका छन् । प्रत्येक महाशाखामा सहसचिव र शाखा/एकाइहरुमा उपसचिव रहने व्यवस्था छ । गृह मन्त्रालयको कुल दरबन्दी संख्या ३०० रहेको छ ।गृह मन्त्रालय र अन्तर्गत निजामती तर्फको कूल दरवन्दी संख्या ४६२१ रहेको छ ।

## ९. मन्त्रालयको कर्मचारी सम्बन्धी विवरण

| क्र.सं. | पद | श्रेणी | सेवा | समूह | दरवन्दी |
|---|---|---|---|---|---|
| १ | सचिव | विशिष्ट | | | १ |
| २ | सह सचिव | रा.प.प्रथम | प्रशासन | | ५ |
| ३ | सह सचिव | रा.प.प्रथम | न्याय | कानुन | १ |
| ४ | उप सचिव | रा.प.द्वितीय | प्रशासन | सा.प्र. | १८ |
| ५ | लेखा नियन्त्रक | रा.प.द्वितीय | प्रशासन | लेखा | १ |
| ६ | उप सचिव | रा.प.द्वितीय | न्याय | कानुन | १ |
| ७ | शाखा अधिकृत | रा.प.तृतिय | प्रशासन | सा.प्र. | ४० |
| ८ | लेखा अधिकृत | रा.प.तृतिय | प्रशासन | लेखा | ३ |
| ९ | कानुन अधिकृत | रा.प.तृतिय | न्याय | कानुन | २ |
| १० | कम्प्यूटर अधिकृत | रा.प.तृतिय | विविध | | १ |
| ११ | कम्प्यूटर इन्जिनियर | रा.प.तृतिय | विविध | | २ |
| १२ | कार्टो ग्राफर अधिकृत | रा.प.तृतिय | विविध | | १ |
| १३ | ना.सु. | रा.प.अ.नं.प्र. | प्रशासन | सा.प्र. | ३३ |
| १४ | लेखापाल | रा.प.अ.नं.प्र. | प्रशासन | लेखा | ८ |
| १५ | टाइपिष्ट | रा.प.अ.नं.प्र. | प्रशासन | सा.प्र. | ३ |
| १६ | कम्प्युटर अपरेटर | रा.प.अ.नं.प्र. | विविध | | १९ |
| १७ | कम्प्यूटर टेक्निसियन | रा.प.अ.नं.प्र. | विविध | | २ |
| १८ | शिनियर मेकानिक्स | रा.प.अ.नं.प्र. | इन्जिनियरिङ्ग | | १ |
| १९ | सिनियर इलेक्ट्रिसियन | रा.प.अ.नं.प्र. | इन्जिनियरिङ्ग | | १ |
| २० | पुस्तकालय सहायक | रा.प.अ.नं.प्र. | शिक्षा | पुस्तकालय | १ |
| २१ | मेकानिकल ओभरसियर | रा.प.अ.नं.प्र. | इन्जिनियरिङ्ग | मे./ज.मे. | १ |
| २२ | स.क.अ. | रा.प.अ.नं.द्वि. | विविध | | ९ |
| २३ | टाइपिष्ट | वेग अनुसार | प्रशासन | सा.प्र. | १२ |
| २४ | नगरर्ची नाइके | रा.प.अनं.च. | प्रशासन | सा.प्र. | १ |
| २५ | ह.स.चा. | श्रेणी विहिन | इन्जिनियरिङ्ग | मे./ज.मे. | ४८ |
| २६ | का.स. | श्रेणी विहिन | प्रशासन | सा.प्र. | ८४ |
| | कूल जम्मा | | | | ३०० |

## १०. मुख्य कानून र नीतिहरु

### १०.१. मुख्य ऐन, नियमहरु

- स्थानीय प्रशासन ऐन, २०२८
- नेपाल नागरिकता ऐन, २०६३
- दैवी प्रकोप उद्धार ऐन, २०३९
- लागु औषध (नियन्त्रण) ऐन, २०३३
- हातहतियार तथा खरखजाना ऐन, २०१८
- विभूषण ऐन, २०६४
- नेपाल नागरिकता नियमावली, २०६३
- विभूषण नियमावली, २०६४, आदि

### १०.२ नीति तथा रणनीतिहरु

- लागु औषध नियन्त्रण राष्ट्रिय नीति, २०६३
- विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६
- लागु औषध नियन्त्रण रणनीति, २०६६
- विशेष सुरक्षा कार्यक्रम, २०६६
- सानो हतियार नियन्त्रण कार्ययोजना, २०६८
- गृह प्रशासन सुदृढीकरण योजना, २०६८
- गृह प्रशासन सुधार मार्गचित्र, २०७४

### १०.३ निर्देशिका, मार्गदर्शन, मापदण्ड, कार्यविधि र आचारसंहिताहरु

- नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६८
- लागु औषध प्रयोगकर्ताहरुका लागि उपचार तथा पुनःस्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तजुमा मार्गदर्शन, २०६७
- विपद् पश्चात्को शव व्यवस्थापन सम्बन्धी मार्गदर्शन, २०६८
- प्रकोप पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०६४
- गृह मन्त्रालय र अन्तर्गत कार्यरत कर्मचारीहरुको आचारसंहिता, २०६९
- प्रहरी आचारसंहिता, २०६५
- राष्ट्रिय अनुसन्धान विभागका अधिकृत तथा कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता, २०६६
- विभूषण सिफारिस तथा प्रदान सम्बन्धी कार्यविधि, २०६७

- विदेशीसँगको भेटघाट सम्बन्धी निर्देशिका, २०६८
- CCTV जडान तथा सञ्चालन सम्बन्धी निर्देशिका, २०७२
- UAV उडान सम्बन्धी कार्यविधि, २०७२
- विपद लेखाजोखा मार्गदर्शन, २०७२
- क्षेत्रिय गोदामघर कार्यविधि, २०७२ ।

**११. निर्णय गर्ने प्रक्रिया र अधिकारी**

क. मन्त्रालयले उपलब्ध गराउने सेवा सम्बन्धमा:

- सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ बमोजिम ।

ख. सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमा:

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम

**११.१. निर्णय गर्ने अधिकारी सम्बन्धमा:**

क. मन्त्रालयले सम्पादन गर्ने नीतिगत एवं अन्य कार्यहरू सम्बन्धमा:

- मन्त्रिपरिषदमा प्रस्ताव पठाएर
- माननीय गृह मन्त्रीस्तरबाट
- गृह सचिवस्तरबाट
  - ➢ माननीय गृह मन्त्रीबाट प्रत्यायोजित अधिकार बमोजिम
  - ➢ सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ बमोजिम प्राप्त अधिकार बमोजिम र
  - ➢ अन्य विशेष ऐन, नियमले सचिवले गर्ने भनी तोकिएकोमा सोहि बमोजिम ।

ख. सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमा

- शान्ति सुरक्षा महाशाखा प्रमुख वा गृह सचिव

**११.२. निर्णय उपर उजुरी सुन्ने अधिकारी**

क० गृह मन्त्रालयले उपलब्ध गराउने सेवा सम्बन्धमा:-

- प्रचलित ऐन कानुनमा तोकिएको व्यवस्था बमोजिम

ख० सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम परेको उजुरी सम्बन्धमा:-

- गृह सचिव
- पुनरावेदनको लागि राष्ट्रिय सूचना आयोग

## १२. गृह मन्त्रालयबाट आ.व. २०७३/०७४ को माघ १ गतेदेखि आषाढ मसान्त सम्म सम्पादन भएका मुख्य मुख्य कामको विवरण

### १२.१ शान्ति सुरक्षा र सूचना समन्वय सम्बन्धी

१. मुलुकको शान्ति सुरक्षालाई सुदृढ बनाइराख्न आवश्यकतानुसार सुरक्षा बैठक बसेको तथा सवै जिल्ला प्रशासन कार्यालयहरुलाई आवश्यक निर्देशन दिइएको ।यस क्रममा निर्देशन - ९५ पटक, प्रेस-बिज्ञप्ति प्रकाशित -१५ पटक, गोष्ठी सञ्चालन -१२ पटक (बिराटनगर -२ पटक, धनगढी -२ पटक, नेपालगञ्ज -१ पटक, पोखरा -१ पटक, धुलिखेल -१ पटक, सिमरा -२ पटक, बुटवल -१ पटक, भरतपुर -१ पटक) गरिएको ।

२. VIP/VVIP हरुको विभिन्न मितिमा विविध कार्यक्रमको भ्रमणको लागि सुरक्षा ब्यवस्था मिलाईएको (VVIP को १७७ पटक, VIP को २५८ पटक, राजदूत/विदेशीहरुको -२६ पटक)।

३. विभिन्न घटना / दुर्घटनाहरुको छानविन गर्न छानविन समिति गठन (प्रस्ताव समेत) गरिएको (संख्या - ७) ।

४. उच्च पदस्थ सरकारी अधिकारीहरुको भ्रमण एवं विपद्का विभिन्न घटनाहरुमा सैनिक हेलिकप्टरको प्रयोगको ब्यवस्था मिलाईएको (संख्या - २२)।

५. विपद्का विभिन्न घटनाहरुमा उद्दार गर्न निजी हेलिकप्टरको प्रयोगको ब्यवस्था मिलाईएको (संख्या - १४) ।

६. सूचना समन्वय सम्बन्धी

क) नेपालको लागि विभिन्न मुलुकले खटाउने महामहिम राजदूत, अन्य मुलुकमा नेपालको तर्फबाट खटिने महामहिम राजदूत, बाणिज्यदूत लगायतको सम्बन्धमा आवश्यक राय परराष्ट्र मन्त्रालयमा पठाइएको ।

- आवासीय राजदूत - १२
- गैर आवासीय राजदूत - २१
- अवैतनिक बाणिज्यदूत - २२

ख) ड्रोन उडानको सहमति - ६५

ग) सूचना माग सम्बन्धी निवेदन कार्य फर्छ्यौट - २८

घ) राष्ट्रिय अनुसन्धान विभाग (रा.अ.वि.) सम्बन्धी

- रा.अ.वि.का अधिकृत कर्मचारीको प्रशासनसँग सम्बन्धित कार्यहरु जस्तै तालिमको लागि मनोनयन, राजिनामा स्वीकृत, विभिन्न पदमा नियुक्ति, सरुवा, बढुवा, पदस्थापन, अवकास, सिफारिस सम्बन्धी कार्य सम्पन्न गरिएको ।

**१२.२. अध्यागमन, सिमा प्रशासन र स्थानीय प्रशासन सम्बन्धी**

१. विभिन्न निकायबाट सिफारिस भई नेपालमा कार्य गर्न आएका २९०५ जना विदेशी नागरिकलाई कार्य सहमति प्रदान गरिएको ।

२. विभिन्न देशका ९७ जना विदेशी नागरिकहरुलाई नेपालबाट निष्काशन गर्न अध्यागमन विभागलाई स्वीकृति दिइएको ।

३. संस्थागत प्रयोजनको लागि नेपालमा विभिन्न कार्यक्रममा भाग लिन आउने Arrival Visa जारी गर्न नपाउने गरी निषेध गरिएका १२ मुलुकका ६७१ जना विदेशी नागरिकहरुलाई विभिन्न मन्त्रालयको अनुरोधमा On Arrival Visa जारी गर्न अध्यागमन विभागलाई स्वीकृति दिईएको ।

४. बिरामीको उद्धार, पर्यटकीय प्रयोजन तथा निर्माण सामग्रीहरुको ढुवानी गर्ने प्रयोजनको लागि निषेधित क्षेत्रमा हेलिकप्टरको उडान अनुमति माग भए अनुसार ५२० उडान अनुमति उपलब्ध गराइएको ।

५. चीनको मानसरोवर दर्शन गर्न जाने भारतीय तथा विदेशी तीर्थयात्रीहरुलाई हुम्ला जिल्लाको हिल्सा हुँदै मानसरोवर लैजान सिमिकोट-हिल्सा-सिमिकोट बृत्तखण्डमा श्रीएयर प्रा.लि., एयर डाईनेष्टि प्रा.लि., सिम्रिम एयर प्रा.लि., फिस्टेल एयर, माउन्टेन एयर प्रा.लि. लाई उडान गर्न अनुमति प्रदान गरेको ।

६. मिति २०७३/१०/२५ गतेको निर्णयबाट २ बर्ष कार्यकाल रहने गरी मोहम्मद शोऐवको अध्यक्षतामा २५ सदस्यीय नेपाल हज समिति गठन गरिएको ।

७. विभिन्न मुलुकका कूल ३२ जना विदेशी नागरिकलाई निषेधित क्षेत्रमा निःशुल्क पदयात्रा गर्न अनुमति प्रदान गरेको ।

८. विदेशी बाबु र नेपाली आमाबाट जन्मिएका १९ जना आफ्नो बाबु भएको देशमा जानको लागि Travel Document जारी गर्न परराष्ट्र मन्त्रालयलाई सिफारिस गरिएको ।

९. शरणार्थी सम्बन्धी राष्ट्रसंघीय उच्चायुक्त (UNHCR) बाट शरणार्थीको हैसियत प्राप्त गरी नेपालमा लामो समयदेखि बसोबास गरिरहेका विभिन्न मुलुकका ४० जना गैह्रकानूनी आप्रवासीहरुले नियमानुसार तिर्नुपर्ने अमेरिकी डलर २,०१,५७०।- नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७४/०३/२२ को निर्णयानसार मिनाहा गरी निजहरुलाई तेश्रो मुलुकमा Resettlement गर्न स्वीकृति दिईएको ।

१०. नेपाल र जनवादी गणतन्त्र चीनको तिब्बत स्वशासित क्षेत्रबीचको सुरक्षा व्यवस्था सम्बन्धी नियमित छलफल र आपसी सहयोगलाई सुदृढ गर्ने उद्देश्यका साथ यही जुलाई १५-२०, २०१७ मा बेइजिङमा आयोजना भएको 5th Tibet Related Issues

on Consulation को बैठकमा भाग लिन मिति २०७५।०३।२२ को (मन्त्रिस्तरीय) निर्णयानुसार सहसचिव श्री दिपक काफ्ले, प्र.ना.म.नि. श्री पशुपति उपाध्याय, स.प्र.ना.म.नि. श्री सुरज श्रेष्ठ र अनुसन्धान निर्देशक श्री यादव प्रसाद रेग्मीलाई मनोनयन गरी पठाइएको ।

११. रसुवागढी/केरुङ्ग बन्दरगाह (PORT) लाई अन्तरराष्ट्रियस्तरको बन्दरगाहको रुपमा औपचारिकरुपमा पूर्ण सञ्चालनको सुरुवात गर्नका लागि यस मन्त्रालयको सकारात्मक राय रहेको ब्यहोरा मिति २०७४।०२।३० (माननीय गृहमन्त्रीस्तर) को निर्णयानुसार परराष्ट्र मन्त्रालयमा लेखी पठाइएको ।

१२. भारतको गुडगावमा मिति २०७३ साल चैत्र १ देखि ३ गतेसम्म आयोजना भएको Counter Terrorism Conference - CTC 2017 मा माननीय उप-प्रधान तथा गृह मन्त्री विमलेन्द्र निधिको नेतृत्वमा सहसचिव बालकृष्ण पन्थी र प्रहरी नायव महानिरीक्षक बमबहादुर भण्डारी सम्मिलित प्रतिनिधि मण्डलले भाग लिएको ।

१३. व्यवस्थापिका संसद, सामाजिक न्याय तथा मानव अधिकार समितिको २०७३ साल असोज १४ गतेको निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा क्यासिनो संचालनका सन्दर्भमा सरकारको राजस्व नतिर्ने  कर्मचारीहरुलाई तलबभत्ता लगायतका सुविधा भुक्तान नगर्ने/नगराउने नेपाल रिक्रियसन सेन्टरका तत्कालिन सञ्चालकहरु शान्ति चड्डा, राकेश वादवा, शालिनी वादवा, तुलाराम भट्ट, सुवर्ण क्षेत्री, रिचर्ड डोयल टटल लगायत अन्य सो संस्थासँग सम्बद्ध व्यक्तिहरुलाई पक्राउ गरी वा देशभित्र पक्राउ पर्न नसकेको अवस्थामा इन्टरपोल मार्फत रेडकर्नर नोटिस/वारेण्ट जारी गरी अविलम्ब नेपाल झिकाई निजहरुबाट असूल उपर गर्नुपर्ने रकमको असुलीको लागि आवश्यक कारवाही अघि बढाउन हुन भनी मिति २०७३।१२।०८ को सचिवस्तरीय निर्णयानुसार प्रहरी प्रधान कार्यालय, नक्सालमा लेखी पठाइएको ।

१४. पेट्रोलियम पदार्थको चोरी निकासीलाई कडाका साथ चेकजाँच गरी इन्धन चोरी निकासी नियन्त्रण गर्नु गराउनु हुन भनी प्रहरी प्रधान कार्यालय, नक्साल, सशस्त्र प्रहरी बल प्रधान कार्यालय र सबै जिल्ला प्रशासन कार्यालयहरुमा मिति २०७३।१२।०१ मा निर्देशन दिइएको ।

१५. निजी सुरक्षा कम्पनीहरुको नवीकरण गर्ने सम्बन्धमा मिति २०७३।११।०३ (सचिवस्तर) को निर्णयानुसार निजी सुरक्षा कम्पनीहरुको नियमनको कार्य पूर्ववत् व्यवस्था अलावा थप निर्णयहरु गरी कार्यान्वयनका लागि सबै क्षेत्रीय प्रशासन कार्यालयहरुमा लेखी पठाइएको ।

१६. देशका विभिन्न कारागारहरुमा कैद जीवन विताइरहेका ५७९ जना कैदीबन्दीहरुलाई माफी मनाहा दइएको ।

१७. भुटानी शरणँर्थीहरुलाई तेश्रो मुलुकमा पुनर्वास गराउने कार्य जारी रहेको । ३० नोभेम्बर, २०१६ सम्ममा १ लाख ७ हजार ४५८ जना शरणार्थीहरु तेश्रो मुलुकमा पुनर्थापना भैसकेका ।

१८. भुटानी शरणार्थी ७ जना र तिब्बती शरणार्थी ४३ जनालाई नेपाल बाहिर जान यात्रा अनुमतिपत्रका लागि परराष्ट्र मन्त्रालयमा सिफारिश गरी पठाइएको ।

१९. हज सम्बन्धी कार्यः

क) सन् २०१७ मा हजयात्रुहरुलाई साउदी अरबमा हजयात्राका लागि पठाउन निवेदन फारम दिने सूचना प्रकाशन गरी सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत निवेदन दर्ता तथा हजयात्रा शुल्क संकलन गरिको ।

ख) नेपाल सरकार माननीय गृह मन्त्री र साउदी हज मन्त्रीस्तरीय हजयात्रा सम्झौता गरिएको ।

ग) अघिल्लो बर्ष हजयात्रामा जान नपाएका आवेदक ५९२ जना र चालु आ.व.को आवेदक १३२५ गरी जम्मा १९१७ जना आवेदक मध्ये १२०० जना हजयात्रुहरुको चयन गरिएको ।

घ) नेपाल हज समितिको अध्यक्षको नेतृत्वमा टोली साउदी अरबस्थित मक्का मदिनामा भिषा प्रक्रिया, आवास तथा यातायात ब्यवस्थापनका लागि बन्दोबस्ती ठेक्का समझौता गरिएको ।

ङ) हजयात्रीहरुलाई काठमाडौं-जेद्दा तथा मदिना-काठमाडौं हवाइयात्राका लागि एयरलाइन्ससँग ठेक्का सम्झौता गरिएको ।

## १२.३. विपद व्यवस्थापन र लागू औषध नियन्त्रण सम्बन्धी

१. विपद् जोखिम न्यूनिकरण तथा ब्यवस्थापन ऐनको मस्यौदा कानून मन्त्रालयमा राय/प्रतिकृयाको लागि पेश गरिएको ।

२. भूकम्प दिवस २०७३ माघ २ गते विभिन्न कार्यक्रमका साथ सम्पन्न गरिएको ।

३. Nepal Disaster Report, 2017 प्रकाशनका लागि तयारी आरम्भ गरिएको ।

४. Sendai Framework On DRR अन्तर्गत राष्ट्रिय नीति तथा रणानीति कार्ययोजना तर्जुमा प्रकृयामा रहेको ।

५. विभिन्न जिल्लाका बाढी, पहिरो र आगलागी पीडितका लागि प्रारम्भिक राहत वितरण गरिएको ।

६. केन्द्रीय दैवी प्रकोप उद्दार कोषबाट विभिन्न जिल्ला दैवी प्रकोप उद्दार कोषमा रु.३,०४,६०,०००।– रकम निकाशा गरिएको ।

७. भोजपुर र तेह्रथुमका ३४ (चौतिस) घरधनी आगलागी पीडितहरुका लागि घर पुनर्निर्माणका लागि अनुदान उपलब्ध गराउनुको साथै पीडितहरुको ब्यवसाय पुनर्उद्धारका लागि सयोग पुर्याउन जिल्ला दैवी प्रकोप उद्दार समितिबाट प्रमाणित भएको क्षतीको विवरणको आधारमा शहरी क्षेत्रमा अधिकतम रु.२५ लाख र अन्य क्षेत्रमा

रु.१५ दाख बार्षिक २ प्रतिशत सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउने प्रकृया शुरु भएको ।

८. सप्तरी जिल्लाका विभिन्न स्थानहरु मिति २०७४/०३/१७ गते र सो पश्चातको अविरल बर्षाका कारण बाढी तथा डुबानबाट घरबार बिहिन भएका परिवारलाई घर निर्माणका लागि २ (दुई) बण्डल जस्तापाता खरिद गर्न रु.१५,०००।- (पन्ध्र हजार) र टहरा निर्माण गर्न रु.१०,०००।- (दश हजार) गरी जम्मा रु. रु.२५,०००।- (पच्चिस हजार) एक मुष्ठ राहत स्वरुप उपलब्ध गराउन मन्त्रिपरिषद्को मिति २०७४/०३/२६ गतेको निर्णय बमोजिम प्रकृया शुरु भईसकेको ।

९. विष्फोटक पदार्थहरु (संख्या - २२ वटा), रसायन र रासायनिक पदार्थहरु (संख्या - ३५ वटा) तथा मनोद्दीपक औषधीहरु (संख्या - २१ वटा) को अनुमति दिने कार्य नियमित रुपमा गरिरहेको ।

१०. लागू औषध प्रयोग नियन्त्रण कार्यक्रम सञ्चालन गर्नको लागि १४ वटा गै.स.स.लाई सूचीकृत गरिएको तथा १० वटा उपचार तथा पुनर्स्थापना केन्द्रहरुलाई यस मन्त्रालयको लागू औषध नियन्त्रण शाखामा आवद्धता गरिएको ।

११. विभिन्न जिल्लामा लागू औषध दूरुपयोग विरुद्ध चेतनामूलक अभिमुखीकरण कार्यक्रम संचालन गरिएको (संख्या - १० स्थान) ।

१२. गैर सरकारी संस्थाका पदाधिकारीलाई लागू औषध दूरुपयोग विरुद्ध अभिमुखिकरण प्रशिक्षण प्रदान गरिएको (संख्या - २ स्थान) ।

१३. विभिन्न जिल्लामा माध्यामिक तथा उच्च माध्यामिक विद्यालयका शिक्षकहरुलाई लागू औषध दूरुपयोग विरुद्ध अभिमुखीकरण प्रशिक्षण प्रदान गरिएको (संख्या - १० स्थान) ।

१४. विभिन्न विद्यालयका जम्मा ५,००० जना विद्यार्थीहरुलाई समावेश गरी लागू औषध दुर्व्यसन विरुद्ध जागरण कार्यक्रम संचालन गरिएको (स्थान - ४५)।

१५. केन्द्रमा र सबै जिल्लाहरुमा लागू पदार्थ अवैध ओसार पसार विरुद्धको अन्तर्राष्ट्रिय दिवस जुन २६ मा मनाइएको ।

**१२.४. नीति योजना तथा मानव अधिकार संरक्षण सम्बन्धी**

१. यस मन्त्रालय र अन्तर्गतका निकायको लागि आ.व.२०७४/७५ को पूँजीगत खर्चतर्फको बार्षिक बजेट निर्माण ।

२. अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त गृह मन्त्रालय र मातहतका निकायसँग सम्बद्ध उजुरीहरु उपर आवश्यक कारवाही प्रकृया अगाडि बढाइएको ।

३. राष्ट्रिय सतर्कता केन्द्र, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त गृह मन्त्रालय र मातहतका निकायसँग सम्बद्ध उजुरी/निवेदन/ज्ञापनपत्रहरु उपर आवश्यक कारवाही प्रकृया अगाडि बढाइएको ।

४. राष्ट्रिय योजना आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायतका निकायहरुमा गृह मन्त्रालयको आवधिक तथा मासिक प्रगति विवरण पठाइएको ।
५. मातहतका निकायबाट प्राप्त बार्षिक कार्यक्रमको स्वीकृति एबं संशोधन गरिएको ।
६. मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) र राष्ट्रिय विकास समस्या समाधान समिति सम्बद्ध कार्यहरु सम्पादन गरेको ।
७. माननीय गृह मन्त्री, श्रीमान् गृह सचिवज्यू मार्फत यस मन्त्रालयमा प्राप्त उजुरी/ निवेदन/ज्ञापनपत्रहरु उपर आवश्यक कारवाही प्रकृया अगाडि बढाइएको ।
८. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको हेलो सरकारबाट प्राप्त अनलाइन उजुरी तथा गुनासोहरु उपर आवश्यक कारवाही प्रकृया अगाडि बढाइएको ।
९. गृह प्रशासन सुधार मार्गचित्र, २०७४ निर्माण तथा कार्यान्वयन सम्बन्धी कार्य अगाडि बढाइएको ।
१०. आ.व. २०७४/७५ को गृह मन्त्रालय र अन्तरगतका निकायको बजेट कार्यान्वयन कार्ययोजना निर्माणका लागि सहजीकरण गरिएको ।
११ संसदमा गृह मन्त्रालय सम्बद्ध उठेका मुद्दाहरुको Reporting को कार्य गरिएको ।
१२. यस मन्त्रालयसँग सम्बन्धित चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना (आ.व. २०७१ /०७२-२०७५ /७६) तयार गरी सम्बन्धित निकायमा पठाई एकीकृत रुपमा राष्ट्रिय कार्ययोजना तयार गरी कार्यान्वयनको चरणमा रहेको ।
१३. United Nation Convention Against Torture and Other Inhuman and Degrading Treatment or Punishment (CAT) को पक्षधर राष्ट्रको रुपमा नेपालका तर्फबाट संयुक्त राष्ट्र संघमा आवधिक रुपमा प्रतिवेदन पेश गर्नुपर्ने प्रावधान अनुसार सन् २००५ पछि मानव अधिकार प्रवर्धन र संरक्षण लगायत यातना विरुद्ध गरेका कार्यहरुवारे विवरण संलग्न गरी तेस्रो, चौथो र पाँचौ एकीकृत प्रतिवेदन तयार गरी स्वीकृतिका लागि श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको ।
१४. संयुक्त राष्ट्र संघको अन्तरदेशीय अपराध विरुद्ध महासन्धिको परिपुरक दस्तावेज - मानवविशेष गरी महिला तथा बालबालिकाहरुको बेचविखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धी उपलेख २००० - (Palermo protocol) नेपाल पक्ष राष्ट्र भई अनुमोदन, सम्मिलन गर्नका लागि नेपाल सरकार मन्त्रिपरषदमा पठाउने तारी कार्य भईरहेको ।
१५. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, राष्ट्रिय मानव अधिकार आयोग र अन्य निकायहरुबाट सिफारिस, आदेश भई आएका पत्रहरुको कारवाही गरिएको ।

## १२.५. कानुन तथा फैसला कार्यान्वयन सम्बन्धी

१. प्रमाणीकरण भएका ऐनहरु -

क) स्थानीय तह निर्वाचन ऐन, २०७३ ।

ख) राजनीतिक दल सम्बन्धी ऐन, २०७३ ।

ग) मतदाता नामावली ऐन, २०७३ ।

घ) निर्वाचन कसूर तथा सजाय ऐन, २०७३ ।

ङ) स्थानीय तह निर्वाचन ऐन, २०७३ (पहिलो संशोधन)

२. ब्यवस्थापिका संसद पेश भएका विधेयकहरु -

क) प्रदेश सभा सदस्य निर्वाचन सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक, २०७४।

ख) प्रतिनिधि सभा सदस्य निर्वाचन सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक, २०७४ ।

ग) मतदाता नामावली ऐन, २०७३ (पहिलो संशोधन) विधेयक ।

३. राजपत्रमा सूचना प्रकाशन गरिएको ।

क) "स्थानीय तहको निर्वाचन मिति तोकिएको" सम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशित गरिएको ।

ख) "स्थानीय तह निवर्वाचन प्रयोजनको लागि अल्पसंख्यकको सूची" नेपाल राजपत्रमा प्रकाशित गरिएको ।

ग) "निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ अनुसारको निर्वाचन कसुर सम्बन्धी मुद्दा हेर्न सम्बन्धित जिल्ला अदालतलाई तोकिएको" सम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशित गरिएको ।

## १२.६. विविध

१. प्रहरी प्रशासन सम्बन्धी कार्यः

क) नेपाल सरकार (मा.उप-प्रधान तथा गृह मन्त्रीस्तर) को मिति २०७३।१०।२७ को निर्णयानुसार सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षकहरु खड्गबहादुर राई, बसन्तकुमार बानियाँ र मन्दिप श्रेष्ठलाई सशस्त्र प्रहरी बल, नेपालको सशस्त्र प्रहरी नायव महानिरीक्षक पदमा बढुवा नियुक्ति गरिएको ।

ख) नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३।११।०१ गते बसेको बैठकको निर्णयानुसार सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक सिंहबहादुर श्रेष्ठलाई सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम ५३ बमोजिम मिति २०७३।११।०३ देखि लागू हुने गरी सशस्त्र प्रहरी महानिरीक्षक पदमा बढुवा नियुक्ति गरिएको ।

ग) गृह मन्त्रालय (मा.उप-प्रधान तथा गृह मन्त्रीस्तर) को मिति २०७३।१२।१५ को निर्णयानुसार सशस्त्र प्रहरी उपरीक्षकहरु श्री अभिकुमार खत्री, श्री शम्भु सुवेदी, श्री गणेशबहादुर ठाडा मगर, श्री दुर्गाप्रसाद भट्टराई, श्री कमल गिरी र श्री राजेन्द्र शाक्यलाई सशस्त्र प्रहरी बलको सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक पदमा बढुवा नियुक्ति गरिएको ।

घ) नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७३।१२।२८ को निर्णयानुसार प्रहरी नियमावली, २०७१ को नियम ४१ बमोजिम प्रहरी नायव महानिरीक्षक प्रकाश अर्याललाई प्रहरी महानिरीक्षक पदमा बढुवा गरिएको ।

ङ) नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४।०१।२१ को निर्णयानुसार सशस्त्र प्रहरी नायम महानिरीक्षकहरु श्री पुष्पराम के.सी., श्री नारायणबाबु थापा र श्री रामशरण पौडेललाई सशस्त्र प्रहरी बल, नेपालको सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गरिएको

च) गृह मन्त्रालय (माननीय मन्त्रीस्तर) को मिति २०७४।०३।०९ को निर्णयानुसार सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षकहरु श्री चिरञ्जीवी अधिकारी, श्री नगेन्द्रबहादुर थापा, श्री राजुराम सुवाल, श्री प्रविणकुमार श्रेष्ठ र श्री कविन्द्रमान श्रेष्ठलाई सशस्त्र प्रहरी बल, नेपालको साधारण समूह, साधारण उपसमूहको सशस्त्र प्रहरी नायव महानिरीक्षक पदमा बढुवा नियुक्ति गरिएको ।

छ) गृह मन्त्रालय (माननीय मन्त्रीस्तर) को मिति २०७४।०३।२२ को निर्णयानुसार सशस्त्र प्रहरी उपरीक्षकहरु श्री राजेन्द्रकुमार अधिकारी, श्री कुलबहादुर नेम्वाङ, श्री महेशकुमार श्रेष्ठ र श्री बिजयकुमार पण्डितलाई सशस्त्र प्रहरी बल, नेपालको साधारण समूह, साधारण उपसमूहको सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक पदमा बढुवा नियुक्ति गरिएको ।

२. सम्माननीय राष्ट्रपतिज्यूबाट मिति २०७३ सालको गणतन्त्र दिवसको अवसरमा घोषित मानपदवी प्राप्त गर्नुहुने २८७ जना महानुभावहरुलाई राष्ट्रपति कार्यालयमा मिति २०७४/०२/१२ गते सुशोभन समारोहको आयोजना गरी सम्माननीय राष्ट्रपतिज्यूबाट विभूषित गरिएको र अलंकार तथा पदक प्राप्त गर्नुहुने महानुभावहरुकलाई यस मन्त्रालयबाट वितरण गर्ने कार्य भईरहेको ।

३. सम्माननीय राष्ट्रपतिज्यूबाट मिति २०७४ सालको गणतन्त्र दिवसको अवसरमा विभिन्न क्षेत्रमा उल्लेखनीय योगदान पुर्याउनुहुने ५१४ जना महानुभावहरुलाई मानपदवी, अलंकार र पदकद्धारा विभूषित गर्ने घोषणा भए अनुरुप विभूषण समितिको सचिवालयको कार्य गरिएको ।

४. सम्माननीय राष्ट्रपतिज्यूबाट मिति २०७४ सालको गणतन्त्र दिवसको अवसरमा विभिन्न क्षेत्रमा उल्लेखनीय योगदान पुर्याउनुहुने महानुभावहरुलाई घोषित विभूषणहरु तयार गर्ने प्रयोजनका लागि घरेलु तथा साना उद्योग कार्यालय, पाटन उद्योग कार्यालय, पाटन औद्योगिक क्षेत्र, ललितपुरलाई उद्योग मन्त्रालय मार्फत आवश्यक रकम (६,०८,१३,०००।-) अख्तियारी पठाईएको ।

५. १८औं सार्क शिखर सम्मेलन सफलतापूर्वक सम्पन्न गर्नका लागि विशेष योगदान पुर्याउने २५,१२२ जना महानुभावहरुलाई कदरपत्र वितरण भईरहेको ।

६. E-governance सम्बन्धी कार्यहरुः

क) तपसिल बमोजिमका सफ्टवेयरहरु सञ्चालन तथा अद्यावधिक गरिएकोः

- District Administration Automation System (DAAS) सफ्टवेर क्रमशः जिल्ला प्रशासन कार्यालयहरुमा संचालनमा ल्याइएको ।
- नागरिकताको सफ्टवेयरमा फोटो र फिङ्गर प्रिन्ट राखे सुविधा मिलाइएको ।
- ७५ वटै जिल्ला प्रशासन कार्यालयहरुमा विद्युतीय हाजिरी प्रणाली प्रयोगमा ल्याई केन्द्रबाट अभिलेख हेर्न सकिने ब्यवस्था मिलाइएको ।
- ४० वटा इलाका प्रशासन कार्यालयमा CIMS Software बाट नागरिकता वितरण गर्ने ब्यवस्था मिलाइएको ।
- गृह मन्त्रालयको email (.....@moha.gov.np) mail.moha.gov.np लाई upgrade गरी सुचारु गरिएको ।
- मन्त्रालयको e.attendance software को upgrade गर्ने तथा Face ditection or photo बाट पनि हाजिर गर्न सकिने ब्यवस्था भएको नयाँ e.attendance device राख्ने कार्य गरिएको ।
- मन्त्रालयका system हरु सञ्चालनमा ल्याउन GIDC मा राखी प्रयोग भएका Server Computer हरु ब्यवस्थित गर्ने कार्य गरिएको ।
- SMS Based System लाई upgrade गर्ने कार्य सम्पन्न गरिएको ।

ख) नेपाल टेलिकमसँग भएको सम्झौता बमोजिम मन्त्रालयले तपसिल बमोजिमको कार्य गरेको ।

- 30mbps internet लाई upgrade गरी 51mbps बनाई भुक्तानी समेत दिइएको ।
- 51DAO ADSL Leassed Line लाई upgrade गरी Optical Fiber मार्फत Lease line दिने कार्य सुचारु रहेको ।
- गृह मन्त्रालय, सबै जिल्ला प्रशासन कार्यालय तथा इलाका प्रशासन कार्यालयमा सञ्चालनमा ल्याइएको SMS VAS सेवाको भुक्तानी गरिएको ।

ग) यस अवधीमा सात वटै प्रदेशका जिल्ला प्रशासन कार्यालय तथा इलाका प्रशासन कार्यालयका कर्मचारीहरुलाई ४ दिने नागरिकता तथा सूचना प्रविधि अभिमुखीकरण तालिम सञ्चालनको कार्यक्रम स्वीकृत भए बमोजिम ६ वटा प्रदेश (१, ३, ४, ५, ६, ७) मा तालिम सम्पन्न गरिएको ।

घ) ७५ वटै जिल्ला प्रशासन कार्यालय र ७४ वटै इलाका प्रशासन कार्यालयको web site निर्माण तथा आउने समस्याहरु

ङ) ७५ वटै जिल्ला प्रशासन कार्यालय र ४० वट इलाका प्रशासन कार्यालयमा सञ्चालनमा रहेका नागरिकताको सफ्टवेयर (CIMS) मा आउने नियमित समस्याहरु समाधान गरिएको ।

७. सम्माननीय राष्ट्रपतिज्यू र सम्माननीय उप-राष्ट्रपतिज्यूको विदेश भ्रमण ब्यवस्थापन सम्बन्धी कार्य सम्पन्न गरिएको ।

८. शहिद दिवस (माघ १६ गते), २०७३ सालको बसन्त श्रवण (माघ १९ गते), राष्ट्रिय प्रजातन्त्र दिवस (फागुन ७ गते) र गणतन्त्र दिवस (जेठ १५ गते) कार्यक्रम सम्पन्न गरिएको ।

९. २०७४ साल भरीको लागि सार्वजनिक, पर्व, सट्टा विदा एवं कार्यालय समय निर्धान सम्बन्धी कार्यको मिति २०७३।१२।१२ मा नेपाल राजपत्रमा सूचना प्रकाशित गरिएको ।

१०. मेशिन उपकरणहरु जडान / आपूर्तिको बोलपत्र आब्हान मिति २०७४।१।१ मा सूचना प्रकाशित गरिएकोमा दर्ता हुन आएका कुनैपनि बोलपत्रहरु न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही नदेखिएकोले बोलपत्र अस्वीकृत गरिएको ।

११. आ.व.०७२/७३ को जिन्सी निरीक्षण सम्पन्न भई २०७४।१।२२ को निर्णयानुसार पुराना मालसामान लिलाम विक्री गरिएको ।

१२. ६ वटा प्रदेश (प्रदेश नं. २ बाहेक) हरुका जिल्ला प्रशासन कार्यालयहरुका कर्मचारीहरुलाई नागरिकता सम्बन्धी अभिमुखीकरण तालिम कार्यक्रम संचालन गरिएको ।

१३. नागरिकता जारी सम्बन्धमा जिल्लाहरुमा देखिएको कानूनी तथा ब्यवहारिक जटिलताहरुलाई लिखित तथा मौखिक रुपमा समाधान गरिएको ।

१४. नेपाल नागरिकता ऐन २०६३ तथा नेपाल नागरिकता नियमावली २०६३ बमोजिम कुनै विदेशीले झुट्टा विवरण पेश गरी नागरिकता लिएको प्रमाणित भएमा त्यस्तो जारी

भएको नागरिकता सम्बन्धित जिल्ला प्रशासन कार्यालयले रद्द गर्ने र नेपाली नागरकबाट हटाउने कार्यका लागि आवश्यक कारवाही गरिएको ।

१५. नागरिकता सम्बन्धी उजुरी निवेदन कारवाही गरिएको संख्या - ४५

१६. अभिलेख भिडान गरी पठाइएको संख्या - ३०

१७. नागरिकता परित्याग सम्बन्धी जिल्ला प्रशासन कार्यालयहरुलाई पत्राचार गरिएको संख्या - १२२

१८. नागरिकता परित्याग सम्बन्धी कारवाहीको जानकारी कन्सुलर सेवा विभागलाई दिएको संख्या - ४७

१९. नागरिकता आधिकारिकता प्रमाणित गरिएको संख्या - १३

२०. नागरिकता वितरणः-

क) विभिन्न जिल्लाहरुबाट प्राप्त विवरण अनुसार नागरिकता वितरण भएको संख्याः-

- बंशज - ९६,३७६
- बैवाहिक अंगिकृत - १,९६२
- प्र.जि.अ.बाट वितरित अंगिकृत - ४६

जम्माः- ९८,३८४

२१. यस अवधिमा वितरण भएको राहत तथा आर्थिक सहायताको विवरणः

| क.सं. | विषय | संख्या | रकम |
|---|---|---|---|
| १ | मृतक आर्थिक सहायता | १३ | रु.१३,००,०००।- |
| २ | आर्थिक सहायता | १,०१० | रु.५९,४७,००,०००।- |
| ३ | औषधी उपचार खर्च | १० | रु.८,९३,५९८।- |
| ४ | कैलाली घटनाको सम्पत्ति क्षति | ११२ | रु.१५,०६,७१,१२७।- |
| ५ | मधेश आन्दोलनका घाइतेहरुको उचार खर्च । | ८५ | रु.७,८९,२६,८३१।- |
| | जम्मा | १२३० | रु.८२,६४,९१,५५५।- |

२२. आर्थिक प्रशासन सम्बन्धीः

क) चालू खर्चः

- बार्षिक बजेट - ६५,६८,६२,२८३.१०
- आषाढ मसान्त सम्मको जम्मा खर्च - ६०,३७,८६,८०२.९२
- बाँकी बजेट - ५,३०,७५,४८०.१८

ख) पूँजीगतः

- बार्षिक बजेट - ९,०४,३०,०६६.०
- आषाढ मसान्त सम्मको जम्मा खर्च - ३,७०,८६,८७६.७२
- बाँकी बजेट - ५,३३,४३,१८९.२८

| | |
|---|---|
| प्रमुखको नाम: | लोकदर्शन रेग्मी |
| पद: | सचिव |
| सूचना अधिकारीको नाम: | भविश्वर पाण्डे |
| पद: | उप सचिव |